नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल ए.पी.एफ अस्पताल

बलम्बु , काठमाण्डौ

## राष्ट्रियस्तरको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७५।०२।०२ गते ।

१. नेपाल ए.पि.एफ अस्पताललाई आर्थिक बर्ष २०७४/०७५ मा आवश्यक निम्न मेडिकल औजार तथा उपकरणहरु खरिद गर्नुपर्ने भएकोले योग्य दरभाउपत्रदाताहरुले सिलबन्दी दरभाउपत्रको माध्यमबाट सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

निम्नः-

| सि.नं. | बिवरण | परिमाण | दरभाउपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र मान्य अवधि | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला/खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 1 | Cardiac Monitor for ICU | 4 Set | 1000.00 | 75000.00 | ४५ दिन दरभाउपत्र जमानत ७५ दिन | २०७५।०२।१६ गते कार्यालय समय भित्र | २०७५।०२।१७ गते दिनको १२:०० बजे भित्र दाखिला र १४:०० बजे खोल्ने । |
| 2 | LED OT Light | 1 Set | 1000.00 | 70000.00 | | | |
| 3 | OT Table | 1 Set | 1000.00 | 100000.00 | | | |
| 4 | Anesthesia Workstation | 1 Set | 1000.00 | 85000.00 | | | |
| 5 | Microscope | 1 Set | 1000.00 | 5000.00 | | | |
| 6 | Semi Automated Biochemistry Analyzer | 1 Set | 1000.00 | 9000.00 | | | |
| 7 | Laparoscopy Set | 1 Set | 1000.00 | 130000.00 | | | |
| 8 | Pure Tone Audiogram (PTA) | 1 Set | 1000.00 | 20000.00 | | | |

२. लिखित निवेदनमा रु.१०।-को टिकट टाँसी **VAT/PAN** दर्ता, फर्म/संस्था वा कम्पनी दर्ता प्रमाणपत्र र गत बर्षको आ.व.को करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि पेश गरेर मात्र यस अस्पताल र को.ले.नि.का.त्रिपुरेश्वर काठमाण्डौंमा रु.१,०००।- (फिर्ता नहुने गरी) बुझाई वा कोष तथा लेखा नियन्त्रण कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय टेकु स्थित राजश्व खाता नं.१-१-००१ यस कार्यालयको कोड नं.२७-३१४-६९ को राजश्व शिर्षक नं.१४२२७ मा जम्मा गरेको भौचर पेश गरी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्रदाताले दरभाउपत्र जमानत माथि उल्लेख भए अनुसारको रकममा नघटाई को.ले.नि.का.काठमाण्डौको राष्ट्रिय बाणिज्य बैक, शाखा कार्यालय टेकु स्थित धरौटी खाता नं. १७००२०३ मा यस अस्पतालको कोड नं.२७-३१४-६९ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको कुनै वाणिज्य बैंकबाट यस अस्पतालको नाममा जारी भएको सक्कलै दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ । सो को मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा कम्तिमा ७५ दिन हुनु पर्नेछ ।

४. **Authorized Sole Agent or Dealer** को सम्बन्धमा दरभाउपत्र दातालाई **Manufacturer Company** ले प्रदान गरेको **Sole Dealership** को आधिकारीक पत्र दरभाउपत्र साथ संलग्न हुनुपर्ने छ ।

५. दरभाउपत्र दाताले दरभाउपत्र साथ **Manufacturer Company** को **Original Catalogue** अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

६. दरभाउपत्र दाताले **मेडिकल औजार तथा उपकरणको** मूल्य अभिबृद्धि कर बाहेकको रकम दरभाउपत्र फाराममा अंक र अक्षरमा स्पष्ट लेखि दरभाउपत्रफारामको प्रत्येक पानामा दरभाउपत्र दाताको अधिकार प्राप्त ब्यक्तिले सहिछाप गरेको हुनुपर्ने छ ।

७. दाखिला भएका दरभाउपत्र फारामहरु यस अस्पतालमा गठित मूल्याङ्कन समितिका अध्यक्ष तथा सदस्यहरु, आमन्त्रित सरकारी निकायका प्रतिनिधिहरु एवं दरभाउपत्र दाता वा निजहरुका वारेश प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता तथा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

८. दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ ।

९. एक व्यक्ति, फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

१०. तथ्य बङ्गयाई वा झुक्याई नक्कली कागजात पेश गरेमा वा मिलोमतो गरी दरभाउपत्रमा भाग लिएको ठहरिएमा त्यस्ता दरभाउपत्र दाताहरुको दरभाउपत्र रद्द गरी कालो सूचीमा राख्नको लागि सम्बन्धित निकायमा सिफारिस गरिने छ ।

११. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहने छ ।

१२. यो सूचना सशस्त्र प्रहरी बलको **website:www.apf.gov.np** बाट प्राप्त गर्न सकिनेछ साथै यस अस्पतालको फोन.नं.४३१५२२४ मा सम्पर्क गरी दरभाउपत्र सम्बन्धी थप जानकारी लिन सकिने छ ।

१३. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ (संशोधन सहित) र सार्बजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा दरभाउपत्रसम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुने छ ।